नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ५, अंक ६, असोज



# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ह पुरूषोत्तम माझी
प्र.ज भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ४ |
| अपराध तथ्याङ्क | ५ – १० |
| प्रहरी सेवा प्रवाह | ११ – १२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ – १५ |
| अपराध समाचार | १६ – १९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा ६७औं प्रहरी दिवस २०७९ सम्पन्न




*काठमाडौं, ३१ असोज*

प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित विशेष समारोह बीच ६७ औं प्रहरी दिवस २०७९ सम्पन्न भएको छ।

प्रहरी दिवसको अवसरमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रधानमन्त्री देउवाले नेपाल प्रहरी प्रधान कार्यालयस्थित अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुभयो।

विशेष समारोहमा प्रधानमन्त्री देउवाले अवकास प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्र बहादुर सिंहलाई 'लाईफ टाइम अचिभमेण्ट अवार्ड' प्रदान गर्नुभयो। साथै उहाँले कर्तव्य पालनाको क्रममा वीरगति प्राप्त गर्ने अमर प्रहरीका परिवारहरुलाई कदरपत्र प्रदान गर्नुभयो। साथै उहाँले "प्रहरी दर्पण २०७९" को लोकार्पण समेत गर्नुभयो।

समारोहमा प्रधानमन्त्री देउवाले अर्घाखाँची सन्धिखर्क नगरपालिका-२ का अमर प्रहरी हवल्दार हेमन्त बहादुर जिसीको छोरी रञ्जु जिसी र दाङ घोराही उपमहानगरपालिका-१५ का अमर प्रहरी जवान निमशरण थापाको छोरा सन्दिप थापालाई अच्युत-मिना अमर प्रहरी परिवार पुरस्कार छात्रवृत्ती प्रदान गर्नुभयो । साथै उहाँले अपराध अनुसन्धानको क्षेत्रमा उल्लेखनीय योगदान गरेबापत नेपाल प्रहरी प्रधान कार्यालय विशेष ब्यूरोमा कार्यरत प्रहरी उपरीक्षक सन्तोष खड्कालाई मोतिलाल बोहोरा सर्वोत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार प्रदान गर्नुभयो।

समारोहमा प्रधानमन्त्री देउवाले नेपाल प्रहरी कार्यदक्षता मुल्याङ्कन (Police Baton) २०७९ अन्तर्गत अन्तर प्रदेश प्रहरी कार्यदक्षता मुल्याङ्कन (Police Baton) २०७९ तर्फ सर्वोत्कृष्ट हुन सफल १ नम्बर प्रदेश प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीलाई प्रहरी ब्याटन प्रदान गर्नुभयो।

विशेष समारोहलाई सम्बोधनको क्रममा प्रधानमन्त्री देउवाले स्थापना काल देखि विभिन्न आरोह-अवरोह बीच शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी राष्ट्र र नागरिक सेवामा कटिवद्ध नेपाल प्रहरीको योगदान अत्यन्त उल्लेखनिय रहेको बताउनुभयो । आपत-विपत् परेका, निर्बल, अशक्त, असहाय, जोखिममा परेका, अपराधबाट पीडित व्यक्तिहरूको साथी नेपाल प्रहरी भएकोले समस्त नागरिकको विश्वास र भरोसाको केन्द्र बनि गौरवमय र महत्वपूर्ण कार्यसम्पादन गर्न निर्देशन दिँदै प्राकृतिक तथा मानव सिर्जित विपदहरूमा नागरिक सेवामा पहिलो पङ्क्तिमा रहेर प्रहरीले हालसम्म निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुभयो।

अपराध नियन्त्रण र अनुसन्धान प्रहरीको मूल दायित्व भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, "प्रहरीले आफ्नो मूल दायित्व ईमानदारिपूर्वक बहन गरे मात्र देशको शान्ति सुरक्षा मजबुत हुन जान्छ।" निष्ठावान एवं पूर्ण व्यावसायिक भई प्रचलित कानुन बमोजिम कसैको दबाब र प्रभावमा नपरी प्रहरीले आफ्नो जिम्मेवारी निर्वाह गर्न उहाँले निर्देशन दिनुभयो। नेपाल प्रहरीले देश भित्र र बाहिर समेत कार्यसम्पादनमा हालसम्म प्रदर्शन गर्दै आएको उच्च व्यावसायिकताकले नै नेपाल प्रहरीको क्षमताको अन्तर्राष्ट्रिय स्तरमा समेत प्रशंसा हुँदै आएको चर्चा गर्दै संयुक्त राष्ट्र संघीय शान्ति मिशनहरूमा नेपाल प्रहरीको सहभागितालाई अझ बढावा दिन नेपाल सरकार सकारात्मक रहेको बताउनुभयो। विज्ञान र प्रविधिको तीव्र विकास भइरहेको वर्तमान अवस्थामा अपराधका नयाँ प्रवृत्ति र शैलिहरु विरूद्ध लड्न प्रविधिको माध्यमबाट प्रहरीलाई आधुनिकरण गर्ने कार्यलाई नेपाल सरकारले सदैव प्राथमिकतामा राखेको बताउनुभयो।

प्रहरी दिवसको अवसरमा समस्त प्रहरी कर्मचारी तथा सेवा निवृत्त प्रहरी कर्मचारीहरुलाई शुभकामना दिँदै प्रधानमन्त्री देउवाले शहादत प्राप्त शहीद, अमर प्रहरी कर्मचारीको योगदानलाई स्मरण गर्दै ती सपुतहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका साथै घाइते भएका प्रहरी कर्मचारीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुका साथै उनीहरूको योगदान र निष्ठाको नेपाल सरकारले उच्च मूल्याङ्कन गर्ने बताउनुभयो।

समारोहमा विशेष अतिथि गृहमन्त्री बालकृष्ण खाणले नेपाल प्रहरी नागरिकको जीवन रक्षाको साथै शान्ति सुरक्षा सुव्यवस्था वहाल गर्न, देशमा अमन चयन कायम गर्न, संविधानको रक्षा र विधिको शासनको पालना गराउन अंग्रपंक्तिमा रहेर कर्तव्य निष्ठ रहदै आएको चर्चा गर्नुभयो। बाढी, पहिरो तथा प्राकृतिक विपद् तथा कोभिड-१९ को महामारीको समयमा उद्दार, राहत र व्यवस्थापनका लागि अग्रपंक्तिमा रही नेपाल प्रहरीले आम नागरिकको जीवन रक्षाका लागि निर्वाह गरेको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्नुहुँदै गृहमन्त्री खाणले आगामी दिनमा नेपाल सरकार अझै प्रहरी मैत्री हुने र सम्पूर्ण प्रहरी कर्मचारीको मनोवल विकासका लागि प्रतिवद्ध रहेको बताउनुभयो।

प्रहरीको व्यावसायिकता अभिवृद्धि गरी अपराध नियन्त्रण र अनुसन्धान एवम् शान्ति सु-व्यवस्था मार्फत् जनतालाई सरल र सहज सेवा पुऱ्याउने सुनिश्चितताका लागि नेपाल प्रहरीलाई समयसापेक्ष प्रविधिमैत्री र साधनस्रोत सम्पन्न बनाई नयाँ चुनौतीको सामान गर्न सक्षम बनाउन नेपाल सरकार र गृह मन्त्रालय सदैव तत्पर रहेको उल्लेख गर्नुभयो। उहाँले राज्यले सुम्पिएको दायित्व निर्वाह गर्ने क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने अमर तथा वीर प्रहरीहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै कर्तव्यपालनका क्रममा घाइते तथा अशक्त भएका प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

उक्त अवसरमा गृहमन्त्री बालकृष्ण खाण, महान्यायाधिवक्ता, मुख्य सचिव, प्रधान सेनापति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त, गृहसचिव, सुरक्षा निकायका प्रमुखहरु, पूर्व प्रहरी महानिरीक्षकहरु, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षकहरु, निजामती सेवा तथा सुरक्षा निकायका उच्चपदस्थ अधिकारीहरु, नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष तथा पदाधिकारीहरु, अमर प्रहरीका परिवारहरु, अन्य बिशिष्ट अतिथि महानुभावहरु, वरिष्ठ प्रहरी अधिकृतहरु एवं उपस्थित प्रहरी अधिकृत तथा जवानहरुले समेत अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गर्नुभयो।

## आत्महत्या न्यूनीकरण सम्बन्धी विशेष सचेतना कार्यक्रम सम्पन्न




*काठमाडौं, २ असोज*

गृहमन्त्री बालकृष्ण खाणको प्रमुख आतिथ्यमा आत्महत्या न्यूनीकरण सम्बन्धी विशेष सचेतना कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्पन्न भएको छ।

नेपाल प्रहरी प्रधान कार्यालयको तत्वावधानमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीद्वारा आयोजित उक्त कार्यक्रमको सुरुमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृहमन्त्रालयका पदाधिकारीहरू, प्रहरी नायव महानिरीक्षकहरू, विभिन्न विद्यालयका शिक्षक तथा शिक्षिका, विद्यार्थीहरु एवम् सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको सहभागितामा समुदाय-प्रहरी साझेदारी अन्तर्गत आत्महत्या रोकथाम तथा न्यूनीकरण सम्बन्धी विभिन्न जनचेतनामूलक पर्चा, पम्प्लेट सहितको प्रभातफेरी प्रदर्शनीमार्गबाट शुभारम्भ भई पदमोदय मोड, पुतलीसडक, कमलादी हुँदै उक्त प्रतिष्ठानमा आएर कार्यक्रममा परिणत भएको थियो।

गृहमन्त्री खाणले पानसमा दीप प्रज्वलन तथा गमलामा जल सिंचन गरी उद्घाटन भएको उक्त कार्यक्रममा समाजमा कुनै पनि नेपालीको अकालमा मृत्यु नहोस् भन्नेतर्फ नेपाल सरकार सजग र प्रतिवद्ध रहेको बताउनुभयो। साथै उहाँले राज्यको पहिलो दायित्व नै आम नागरिकको जीवन रक्षा गर्ने भएको उल्लेख गर्दै वर्तमान सरकार नागरिकको जीवन रक्षाको लागि प्रतिवद्ध रहेको एवम् नेपाल प्रहरीले जन धनको रक्षा, शान्ति सुरक्षाको लागि प्रतिवद्धतापूर्वक बलिदानीपूर्ण कार्य गरिरहेको बताउनुभयो।

राष्ट्रका कर्णधार युवा भाइबहिनीहरूको सहभागिताले प्रतिबद्धता र सचेतना थपेको चर्चा गर्दै गृहमन्त्री खाणले भन्नुभयो, "यो कार्यक्रमको माध्यमबाट देशभरिकै आम नागरिकहरू कसैले पनि आत्महत्याको बाटो नरोज्नुहोस्। जीवन महत्वपूर्ण छ, जीवनको जन्म र सृष्टि राम्रा कार्यका लागि भएको छ, आफ्नो जीवनलाई अझै महत्वपूर्ण बनाऊँ, आफ्नो क्षमतालाई अभिबृद्धि गराऊँ, अरुलाई सहयोग गर्ने काम गरौँ।" सहभागी युवाहरूले समाजमा सचेतना जगाउन तथा नेपालमा आत्महत्याको घटनालाई न्यूनीकरण गर्ने र रोक्ने प्रतिवद्धता गर्न उहाँले आग्रह गर्नुभयो। नागरिक सुरक्षा र हितका लागि सुरक्षा निकायहरूको क्षमता अभिवृद्धि, आधुनीकिकरण, साधन स्रोतको समुचित प्रबन्ध गर्नेतर्फ नेपाल सरकार प्रतिवद्ध रहेको र यसमा समस्त जनप्रतिनिधिहरूले पनि साथ दिने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा महान्यायाधिवक्ता खम्मबहादुर खातीले नेपालमा आत्महत्या बढ्दो अवस्थामा रहेको र आत्महत्या हुनुका कारण तथा समस्याहरू पहिचान गरेर त्यस्ता घटनाहरू न्यूनीकरण गर्न सबै सरोकारवाला निकायहरुको समन्वय आवश्यक रहेको बताउनुभयो। आत्महत्या रोकथाम तथा न्यूनीकरणको लागि विभिन्न सचेतना कार्यक्रम अत्यन्तै महत्वपूर्ण हुने चर्चा गर्दै उहाँले यसका लागि सामुदायिक क्रियाकलापमा सहभागिता, सकारात्मक सोंच, काउन्सिलिङ लगायतका कार्यहरूमा जोड दिनुपर्ने बताउनुभयो। उक्त अवसरमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले आत्महत्याको मुख्य कारकको रूपमा डिप्रेसन पनि भएको उल्लेख गर्दै आफ्नो कमजोरी तथा असफलतालाई नकारात्मक सोच्न नहुने र असफलताले नै सफलताको मार्ग प्रशस्त गर्ने भएकोले सकारात्मक सोंचका साथ अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नागरिकको जीवन रक्षा गर्ने नेपाल प्रहरीको मूल दायित्व बोध गरी नेपाल प्रहरीको कार्ययोजना, २०७९ अन्तर्गत आत्महत्या न्यूनीकरण कार्यक्रम अनुरूप देशभर आत्महत्या दरलाई न्यूनीकरण गर्न आम नागरिकलाई सुसूचित गराउने उद्देश्य एवम् नेपाल प्रहरीको एकल प्रयासमा आत्महत्या रोकथाममा उल्लेखनीय सफलता हासिल गर्न नसकिने भएकोले सरोकारवाला निकायहरूको बृहत् सहभागितामा यो कार्यक्रम संचालन गरिएको बताउनुभयो।

आत्महत्या पछाडि व्यक्तिको मानसिकतासँगै सामाजिक, आर्थिक र व्यक्तिगत कारणहरू हुने सक्ने चर्चा गर्दै प्रहरी महानिरीक्षक सिंहले समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत नेपाल प्रहरीले आत्महत्या रोकथामलाई सदैव प्राथमिकतामा राख्दै आएको बताउनुभयो। आत्महत्याको कारणहरू पहिल्याउँदै सम्बन्धित सरोकारवालाहरू सक्रिय भई आ-आफ्नो भूमिका अनुरूप उपयुक्त र प्रभावकारी हस्तक्षेप गर्न सकेमा आत्महत्याको दरमा कमी आउने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य, गृहमन्त्रालयका सहसचिव गोविन्द प्रसाद रिजाल, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले आ-आफ्नो मन्तव्य व्यक्त गर्दै आत्महत्या रोकथाम तथा न्यूनीकरणमा नेपाल सरकार र सम्वद्ध सबै निकाय एवम् संघसंस्था बीच हातेमालो गरी अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रहरूको तर्फबाट सामुदायिक सेवा केन्द्र गोंगबुका अध्यक्ष राकेश सिंह, विद्यालयको तर्फबाट अरनिको ईन्टरनेश्नल सेकेण्डरी स्कुल एण्ड कलेज ताल्छिखेलका किरण जंग बिष्टले आत्महत्या न्यूनीकरणमा सचेतना कार्यक्रमको महत्व बारेमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो। कार्यक्रममा गृहमन्त्रालयका पदाधिकारीहरू, वरिष्ठ प्रहरी अधिकृतहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज, संचारकर्मीहरु, विद्यार्थी एवम् आमन्त्रित महानुभावहरुको समेत उपस्थिति रहेको थियो।

विश्वभर बढ्दो आत्महत्याको दरलाई न्यूनीकरण गर्न सर्वपक्षीय सहभागितामा आमनागरिकलाई सुसूचित गराउने उद्देश्यले सन् २०२१ देखि सन् २०२३ सम्मको लागि तय गरिएको विश्व आत्महत्या रोकथाम दिवस सम्बन्धी अन्तर्राष्ट्रिय नारा 'कर्म मार्फत आशाको सृजना गरौं' भन्ने मूल नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको हो। साथै सातै प्रदेशको राजधानीमा प्रदेश स्तरीय र सबै जिल्ला र सदरमुकामहरूमा समेत समुदाय-प्रहरी साझेदारीको ब्यानरमा विभिन्न कार्यक्रमको आयोजना गरी आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ।

# गृहसचिव विनोद प्रकाश सिंहबाट नेपाल प्रहरी प्रधान कार्यालय निरीक्षण तथा निर्देशन सम्बोधन



*काठमाडौं, ६ असोज*

गृहसचिव विनोद प्रकाश सिंहले नेपाल प्रहरी प्रधान कार्यालयको अवलोकन भ्रमण तथा निरीक्षण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनुभएको छ।

निरीक्षण भ्रमणका क्रममा गृह सचिवले नेपाल प्रहरी प्रधान कार्यालयस्थित डिजिटल फरेन्सिक ल्याव, पोलिग्राफ शाखा र कमाण्ड सेन्टरको निरीक्षण गर्नुका साथै त्यस सम्बन्धी गतिविधिबारे जानकारी लिनुभयो।

निरीक्षण पश्चात गृहसचिव सिंहले उपस्थित प्रहरी अधिकृत तथा जवानहरु एवम् भिडियो कन्फेरेन्सबाट सहभागी ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरुलाई निर्देशन सम्बोधन गर्ने क्रममा संगठनको हित र सुधारको लागि प्राप्त हुने सुझावलाई आफूले गम्भीरतापूर्वक लिई कार्यान्वयनको लागि प्रयास गर्ने बताउँदै संगठनको उद्देश्य र लक्ष्य हासिल गर्न सबै प्रहरी कर्मचारीहरू ऐक्यबद्ध भई प्रतिवद्ध र लगनशील हुन आग्रह गर्नुभयो। आत्महत्या, महिला तथा बालबालिका विरुद्ध हुने हिंसाप्रति राज्य अत्यन्तै संवेदनशील रहेको बताउँदै त्यस्ता हिंसा न्यूनिकरणको लागि थप प्रभावकारी भूमिका निर्वाह गर्न उहाँले उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुभयो।

गृहसचिव सिंहले प्रहरी कर्मचारीहरुले उच्च आचरण एवम् ईमानदारिपूर्वक सांगठनिक प्रतिवद्धतामा अविचलित भई जिम्मेवारी वहन गर्न निर्देशन दिँदै नेपाल प्रहरी संगठनको सुदृढिकरण र शुद्धिकरणमा गृह मन्त्रालय सदैव दृढ संकल्पित रहेको बताउनुभयो। नेपाल सरकारबाट हुने निर्णयहरू र गर्नुपर्ने सहजीकरणमा समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै प्रहरी कर्मचारीको मनोबल वृद्धिका लागि सरूवा, बढुवा र वृत्ति विकास जस्ता विषयलाई स्वच्छ, निष्पक्ष, पूर्वानुमान योग्य बनाउन जरूरी रहेको उहाँले बताउनुभयो।

गृहसचिव सिंहले प्रभावकारी अपराध अनुसन्धान तथा नियन्त्रण, समाजमा शान्ति स्थापना र मानव अधिकार संरक्षणमा प्रतिवद्ध रहनु र राष्ट्रप्रति समर्पित स्वच्छ प्रहरीको मर्म अनुसार सीमित स्रोत साधनको वावजूद पनि प्रहरी संगठनले अहोरात्र निभाएको भूमिकाको प्रशंसा गर्दै सत्य सेवा सुरक्षणम्को मूल नारा सहित प्रहरी संगठनले आफ्नो विशिष्ट योगदान इतिहासका हरेक कालखण्डमा स्थापित गर्दै आएकोमा नेपाल प्रहरीमा आवद्ध सबै कर्मचारीको लागि गौरवको विषय भएको उल्लेख गर्नुभयो। इतिहासको हरेक असजिलो अवस्थामा पनि आफूलाई संयमित राखेर राष्ट्रको सेवा र जनताको सुरक्षामा नेपाल प्रहरीले खेलेको भूमिका अत्यन्तै सराहनीय रहेको उहाँले उल्लेख गर्नुभयो।

गृहसचिव सिंहले हरेक विपद्को घटनादेखि लिएर समाजमा हुने विभिन्न क्रियाकलापमा नेपाल प्रहरीले पहिलो पंक्तिमा रही भूमिका निर्वाह गरेको चर्चा गर्दै प्रहरीको क्रियाकलापहरू सहजीकरण एवम् अपराध अनुसन्धान नियन्त्रण तथा रोकथाममा समाज र नागरिकको सहयोग आवश्यक रहेकोले नागरिकसँगको प्रहरी सम्बन्धलाई अझ बढी सुदृढ, सबल र प्रगाढ बनाएर आगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। विज्ञान र प्रविधिको तीव्र विकाससँगै अपराधका नयाँ नयाँ प्रवृत्ति र शैलीप्रति नेपाल प्रहरी चनाखो रहेको उल्लेख गर्दै प्रहरी संगठनको सुधारका कार्यहरूलाई अगाडि बढाएर प्रहरीको संस्थागत विकास मार्फत प्रभावकारी सेवा प्रदान गर्न विशेष आग्रह गर्नुभयो। आउँदो निर्वाचनलाई शान्तिपूर्ण, सुरक्षित र भयरहित तवरले सम्पन्न गराउन सबै प्रहरी कर्मचारीहरूले अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी जिम्मेवारी वहन गर्न अग्रह गर्दै नजिकिँदै गरेको चाडपर्वमा समेत आवश्यक अनुगमन तथा कारवाही प्रकृयालाई अगाडि बढाउन सक्रिय हुनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा धन्यवाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले गृहसचिव ज्यूबाट प्राप्त अत्यन्तै महत्वपूर्ण, समसामयिक र सान्दर्भिक निर्देशनलाई संगठनले पूर्णरूपमा ऐक्यबद्ध भई अक्षरस पालना गरी नतिजा दिने प्रतिवद्धता व्यक्त गर्नुभयो। स्थानीय तहको निर्वाचनमा नेपाल प्रहरीले उत्कृष्ट रूपमा जिम्मेवारी वहन गरी सरकारबाट प्रशंसा पाएको स्मरण गर्दै प्रहरी महानिरीक्षक सिंहले आउँदो निर्वाचनलाई स्वच्छ, भयरहित र नागरिकले आफ्नो अधिकार प्रयोग गर्ने वातावरण बनाई सुरक्षा योजना अनुरूप सबै प्रहरी कर्मचारीहरूले मन, वचन र कर्मले ऐक्यबद्ध भई जिम्मेवारी बहन गर्ने उल्लेख गर्नुभयो।

निर्देशन सम्बोधन कार्यक्रम अघि नेपाल प्रहरीको संस्थागत प्रस्तुतीकरण कार्यक्रममा गृहसचिव विनोद प्रकाश सिंह समक्ष प्रहरी वरिष्ठ उपरीक्षक दान बहादुर कार्कीले नेपाल प्रहरीको परिचय, संगठनको संरचना, मानवश्रोत तथा स्रोत साधन व्यवस्थापन, अपराध अनुसन्धान तथ्याङ्क तथा विश्लेषण, शान्ति सुरक्षा तथा ट्राफिक व्यवस्थापन, प्रहरी कार्यमा प्रविधिको प्रयोग, अन्तर्राष्ट्रिय समन्वय र सहायता, नीति तथा योजना कार्यान्वयनको अवस्था, चुनौति, भावी योजना र अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

गृहसचिव सिंह नेपाल प्रहरी प्रधान कार्यालय प्रवेश गर्नुहुँदा उहाँलाई प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरू लगायत वरिष्ठ प्रहरी अधिकृतहरूले हार्दिक स्वागत गर्नुभएको थियो।

उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृह मन्त्रालयका प्रवक्ता सह सचिव फणिन्द्रमणी पोखरेल, प्रहरी नायव महानिरीक्षकहरु एवम् प्रहरी वरिष्ठ अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थितिको साथै ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरुको भर्चुअल उपस्थिति रहेको थियो।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह इन्टरपोलको ९०औं महासभामा सहभागी हुन भारत प्रस्थान



*काठमाडौं, ३१ असोज*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह भारतको नयाँ दिल्लीमा २०७९ कात्तिक १ गतेदेखि ४ गतेसम्म (तदनुसार १८-२१ अक्टोबर २०२२) सम्म संचालन हुने इन्टरपोलको ९०औं महासभामा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुभएको छ।

National Central Bureau (NCB) काठमाडौं नेपालका प्रमुख समेत रहनुभएका प्रहरी महानिरीक्षक सिंहको नेतृत्वमा प्रहरी नायव महानिरीक्षक उमेश राज जोशी, प्रहरी उपरीक्षक अनुपम शमशेर जवरा, प्रहरी निरीक्षक यम कुमार श्रेष्ठ समेत नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको तर्फबाट ५ सदस्यीय टोली त्यसतर्फ प्रस्थान गरेको छ।

उहाँहरुलाई प्रहरी अतिरिक्त महानिरीक्षकज्यूहरू सहकुल बहादुर थापा, उत्तमराज सुवेदी, दिवेश लोहनी र रबिन्द्र बहादुर धानुक, प्रहरी नायव महानिरीक्षकहरू लगायत वरिष्ठ प्रहरी अधिकृतहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा शुभकामना सहित हार्दिक विदाई गर्नुभयो।

१९५ इन्टरपोल सदस्य राष्ट्रका Head of NCB तथा प्रतिनिधिहरू सहभागी हुने महासभामा सदस्य राष्ट्रहरुको वार्षिक प्रतिबेदन पेश हुने, कार्यकारिणी समितिका विभिन्न पदाधिकारीहरुको निर्वाचन हुने र विभिन्न सदस्य राष्ट्रहरूबीच अन्तर्राष्ट्रिय प्रहरी समन्वय, प्रतिआतकवाद, आर्थिक अपराध, संगठित अपराध जस्ता विषयहरुमा संकल्प प्रस्ताव माथि छलफल हुने कार्यक्रम रहेको छ। प्रहरी महानिरीक्षक सिंहको अनुपस्थितिमा प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल बहादुर थापाले प्रहरी प्रधान कार्यालयको दैनिक प्रशासनिक कामकाजको जिम्मेवारी सम्हाल्नु हुनेछ ।

## नेपाल र कोरिया बीच दुई छुट्टाछुट्टै सम्झौता-पत्रमा हस्ताक्षर




*काठमाडौं, ७ असोज*

नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र गणतन्त्र कोरिया सरकारकोतर्फबाट गणतन्त्र कोरियाको राजदूतावास बीच "नेपाल प्रहरीको क्षमता अभिवृद्धि सहितको साइबर ब्यूरो स्थापना" र "कोरियाबाट नेपाल फर्कने आप्रवासीहरूको स्थिर पुनर्मिलनका लागि चरणबद्ध सहयोग प्रणाली सुदृढ गर्ने" दुई आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता-पत्रमा हस्ताक्षर भएको छ।

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह एवं नेपाल प्रहरी साइबर ब्यूरोका अधिकृतको समेत उपस्थितिमा अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा नेपाल सरकारको तर्फबाट अर्थ सचिव कृष्णहरि पुष्कर र गणतन्त्र कोरियाको तर्फबाट नेपालका लागि गणतन्त्र कोरियाका राजदूत चोड-सुक पार्कले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।

कार्यक्रममा अर्थ सचिव पुष्करले साइबर अपराधका बढ्दो घटनालाई नियन्त्रण गर्न साइबर व्यूरोलाई सक्षम र सुसज्जित बनाउनका साथै कोरियाबाट फर्केका आप्रवासी कामदारहरूलाई समाजमा पुन:स्थापित गर्न र नेपालमा रोजगारी बढाउनका लागि दुई परियोजना महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो। कार्यक्रममा गणतन्त्र कोरियाका राजदूत पार्कले विश्वभर र नेपालमा पनि व्यापक रूपमा बढ्दै गएको साइबर अपराधको दरप्रति चिन्ता व्यक्त गर्दै साईबर अपराध नियन्त्रण गर्न नेपाल प्रहरीको क्षमता अभिवृद्धि गर्ने साइबर अपराध नियन्त्रण आयोजनाबाट महत्वपूर्ण सहयोग हुने बताउनुभयो।

नेपाल प्रहरीको साइबर अपराध विरूद्धको क्षमतालाई सुदृढ गर्नुका साथै साइबर व्यूरोको अत्याधुनिक भवन निर्माण, साइबर अपराध अनुसन्धानसँग सम्बन्धित उपकरण तथा डिजिटल फरेन्सिक ल्याब उपलब्ध गराउने र नेपाल प्रहरीको सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि गर्ने आयोजनाको मुख्य उद्देश्य रहेको छ।

प्रत्येक आयोजनाका लागि ८० लाख अमेरिकी डलरका दरले कोरिया सरकारले नेपाललाई कुल १ करोड ६० लाख अमेरिकी डलर (लगभग २ अर्ब रुपैयाँ) अनुदान सहायता उपलब्ध गराउने छ। कोरिया अन्तर्राष्ट्रिय सहयोग संस्था (KOICA) ले सम्बन्धित मन्त्रालय र अन्य सरकारी निकायहरूसँगको सहकार्य र समन्वयमा आयोजनाहरू कार्यान्वयन गर्नेछ।

## सुडानस्थित UNMISS र कोसोभोस्थित UNMIK मिसनमा खटी जाने प्रहरी टोलीको बिदाई




*काठमाडौं , ९ असोज*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडानस्थित UNMISS र कोसोभोस्थित UNMIK मिसनमा खटी जाने प्रहरी टोलीलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले आयोजित एक कार्यक्रम बीच बिदाई गर्नुभयो।


उक्त कार्यक्रममा UNMISS मिसनमा असोज ११ गते प्रस्थान गर्ने १४ जना र UNMIK मिसनमा असोज १४ गते प्रस्थान गर्ने १ जना गरी जम्मा १५ जना प्रहरी कर्मचारीहरूलाई बिदाई गरिएको हो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको असोज महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (असोज)



## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (साउन- असोज)





## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० सम्म)




## जघन्य अपराधको प्रदेशगत विश्लेषण

**(आ.व. २०७९।०८० असोज)**





## गम्भीर अपराधको प्रदेशगत विश्लेषण


**(आ.व. २०७९।०८० असोज)**




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० असोज)





## असोज महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## असोज महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## असोज महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## असोज महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १९ जना | २२ वर्ष ४ महिना २७ दिन | रु.३,७४,२८,८७५।- |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | ४८ | ३६ वर्ष ९ महिना २९ दिन | रु.१५,४९,५७५।- |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ७८ | ३० वर्ष ९ महिना २० दिन | रु.१६,९६,७४५।- |
| ४. | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३९ | २३ वर्ष ५ महिना १० दिन | रु.२३,११,८८९।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २६ | २७ वर्ष ४ महिना १६ दिन | रु.४,६१,९५३।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ, | ४० | ७७ वर्ष १७ दिन | रु.५,७०,३९०।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १५ | ९ वर्ष ४ महिना १० दिन | रु.१,८०,०८८।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ४ | ९ वर्ष २ महिना २ दिन | ० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ३ | २० वर्ष १० दिन | रु.२५,००,०००।- |
| जम्मा | | २७२ जना | २५६ वर्ष ५ महिना २१ दिन | रु.४,६६,९९,५१५।- |

## असोज महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## भदौ र असोज महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




# प्रहरी सेवा प्रवाह

## असोज महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण





## सामुदायिक प्रहरी गतिविधि

असोज महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र

## असोज महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण





## असोज महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण

| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ०८ जना। |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०५ जना। |
| ३ | हराएका विदेशी नागरिक | ०१ जना। |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ७७,०२२ जना। |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | १ जना (युक्रेनी)। |




# खोजतलास तथा समन्वय

## असोज महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## असोज महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट असोज महिना भित्र बिभिन्न १९ वटा मुद्दा शिर्षक (आत्महत्या, कर्तब्य ज्यान, जबरजस्ती करणी, ज्यान सम्बन्धी कसुर, ठगी, बिद्युतीय कसुर, मानव बेचबिखन, लागु औषधी, आत्महत्या दुरुत्साहन, नखुलेको ज्यान सम्बन्धि, अवैध मुद्रा सम्बन्धि कसुर, आपराधिक लाभ, अपहरण, हातहतियार खरखजाना,बिष्फोटक पदार्थ, जाली नोट,किर्ते, बैकिङ कसुर र अभद्र ब्यवहार) अन्तर्गत ४४ वटा मुद्दाको २२१ वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा

- असोज महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९ /०६/०१ गते देखि ऐ असोज ३१ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ५५८ **केशहरु र ४४४८ नमुनाहरु** प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **३६६ केशहरु परीक्षण** गरिएको ।

- (AFIS) मा **२०१९ DATA Entry** भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज

### असोज महिनामा परिचालित मासिक डिउटी संख्या








# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*अर्घाखाँची, ८ असोज*

आफ्नै श्रीमती ५० वर्षीया मनकला भुषालको हत्या गरेको अभियोगमा सितगंगा नगरपालिका-३ खसर्का बस्ने ५४ वर्षीय पिताम्बर भुषाललाई प्रहरीले पक्राउ गरेको छ।

घरायसी बिवादका कारण पिताम्बरले लोहोरा प्रहार गर्दा मनकलाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुना साथ ईलाका प्रहरी कार्यालय ठाडा र जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै भतिजको हत्या गरेको अभियोगमा पक्राउ

*धनुषा , १३ असोज*

आफ्नै भतिज ४ वर्षीय अनुष पासवानको हत्या गरेको अभियोगमा क्षिरेश्वरनाथ नगरपालिका-५ बस्ने २८ वर्षीय रवी पासवानलाई प्रहरीले पक्राउ गरेको छ। रवीले फलामको रड प्रहार गर्दा गम्भीर घाइते भएका अनुषको महेन्द्रनगर हेल्थ केयरमा उपचारको क्रममा मत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै छोराको हत्या गरेको अभियोगमा पक्राउ

*धनकुटा, २१ असोज*

आफ्नै छोरा ३० वर्षीय संतोष ठाडा मगरको खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा पाख्रिवास नगरपालिका-९ उत्तरपानी बस्ने ५४ वर्षीय उपेन्द्र ठाडा मगरलाई प्रहरीले पक्राउ गरेको छ।

घरायसी बादबिबादमा उपेन्द्रले सन्तोषलाई खुकुरी प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हिलेबाट खटिएको प्रहरीले उनलाई खुकुरी सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २४ असोज*

काठमाडौं महानगरपालिका-१९ रामघाट डेरा गरी बस्ने भारत कलकत्ता मेहेन्दीपुर पश्चिम बंगाल घर भएका ४७ वर्षीय दिलिप आदकको हत्या गरेको अभियोगमा पर्सा बहुदरमाई नगरपालिका-२ हांसवा घर भएका २५ वर्षीय राजाबाबु भन्ने श्रीलाल ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ। आदकको उनकै कोठामा असोज १९ गते विहान शव फेला परेको घटनाको थप अनुसन्धानको क्रममा आदकसँगै बस्दै आएका श्रीलालले हत्या गरेको खुल्न आएपछि आदकलाई काठमाडौं महानगरपालिका-१५ स्वयम्भूबाट पक्राउ गरेको हो। श्रीलालले काठ च्याप्न प्रयोग हुने सकिन्जाले सुतिरहेको अवस्थामा टाउकोमा प्रहार गरी हत्या पश्चात शव कपडाले छोपी बाहिरबाट ताल्चा लगाई फरार भएको खुल्न आएको छ। साथै उनको कोठाबाट उक्त सकिन्जा र आधा फोडिएको बाकसमा रहेको नगद ४ लाख १९ हजार रुपैयाँ समेत प्रहरीले बरामद गरेको छ।

झापा, अर्जुनधारा नगरपालिका-११ बसपार्क बस्ने ताप्लेजुङ सिदिम्बा गाउँपालिका-४ सुरूमखिम घर भएका २५ वर्षीय नबिन्द्र गुरूङको ताप्लेजुङ इलाम होटलका संचालक ३८ वर्षीय इन्द्र बहादुर अधिकारी, पाँचथर फिदिम नगरपालिका-१२ घर भई सोही होटलका स्टाफ २१ वर्षीय अमृत आचार्य र उनकै श्रीमती २३ वर्षीया बिमला राई रहेका छन्। इन्द्र बहादुरलाई उनकै होटलबाट तथा अमृत र बिमलालाई पाँचथरबाट पक्राउ गरेको हो। असोज १७ गते उक्त होटलमा उनीहरू मादक पदार्थ सेवन गरी तास खेल्दै गरेको अबस्थामा हारजितको बिषयलाई लिएर विवाद हुँदा उनीहरू समेतका व्यक्तिहरूले नविन्द्रलाई लोहोरो र चक्कुले प्रहार गरी गम्भीर घाइते बनाई उक्त होटलबाट करिब १ सय ५० मिटर टाढा रहेको सडकमा फालिदिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। असोज १८ गते उनको शव फेला परेको थियो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ३ असोज*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ललितपुर गोदावरी नगरपालिका-१ ठेगाना भई हाल ललितपुर महानगरपालिका-१५ कुमारीपाटी बस्ने ३७ वर्षीय रन्जित खड्कालाई प्रहरीले पक्राउ गरेको छ। बैंकिङ कसूर मुद्दामा २० लाख ५० हजार रूपैयाँ विगो ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले नयाँबानेश्वरबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ।

### नक्कली शैक्षिक प्रमाणपत्र सहित नौ जना पक्राउ

*काठमाडौं, ७ असोज*

काठमाडौंका विभिन्न स्थानबाट नक्कली शैक्षिक प्रमाणपत्र सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पाँचथर मितलाजुन गाउँपालिका-६ घर भई झापा दमक नगरपालिका-५ बस्ने २५ वर्षीय समिर राई, कास्की पोखरा महानगरपालिका-१० घर भएका ४० वर्षीय अरूण कार्की, नुवाकोट बेलकोटगढी नगरपालिका-९ घर भई काठमाडौं टोखा नगरपालिका बानियाटार बस्ने २५ वर्षीया राधिका तामाङ, स्याङजा चापाकोट गाउँपालिका-२ घर भई काठमाडौं बसुन्धारा बस्ने ३८ वर्षीया सबिता श्रेष्ठ, झापा मेचीनगर नगरपालिका-६ घर भएका ४६ वर्षीय बिदुर प्याकुरेल, काठमाडौं कागेश्वरी नगरपालिका घर भएका २१ वर्षीय सुरज राज खत्री, अछाम मंगलसेन नगरपालिका-१२ घर भएका २७ वर्षीय वीरेन्द्र बहादुर रावल, झापा विर्तामोड नगरपालिका-५ घर भएका ४० वर्षीय दिनेश प्रसाई र दमक नगरपालिका-८ घर भएका ४८ वर्षीय सूर्य बहादुर श्रेष्ठ रहेका छन्।

नेपालस्थित अमेरिकन दुतावासमा ईडीभी २०२१ को नतिजामा नाम निकालेका तर भिसा प्रक्रियाका लागि आवश्यक शैक्षिक योग्यता प्राप्त नगरेका केही व्यक्तिहरुले भिसा प्रयोजनको लागि १०+२ को नक्कली एकेडेमिक ट्रान्सकिप्ट बनाई पेश गरेको भन्ने सूचनाको आधारमा अमेरिकी दूतावाससँगको समन्वयमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त नक्कली एकेडेमिक ट्रान्सकिप्ट सहित शैक्षिक प्रमाणपत्र बनाउने कार्यमा संलग्न दिनेश र सूर्य बहादुरलाई ईलाका प्रहरी कार्यालय दमक झापा र ईलाका प्रहरी कार्यालय अनारमनी झापाको समन्वयमा पक्राउ गरेको हो। उनीहरुलाई लिखत सम्बन्धी कसूरमा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा पठाइएको छ।

## अवैध रुपमा लैजान लागेको अमेरिकी तथा अष्ट्रेलियन डलर सहित पक्राउ

*काठमाडौं, ९ असोज*

काठमाडौं महानगरपालिका-९ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट अवैध रुपमा लुकाई लैजान लागेका अमेरिकी डलर १ सय दरको १ सय ५७ थान र अस्ट्रेलियन डलर १ सय दरको ५ सय ८४ थान सहित थाइल्याण्ड नागरिक राहदानी ३८ वर्षीय PONGPHOJ SINSUWAN लाई पक्राउ गरेको छ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाको एक्सरे मेसिनमा जाँच गर्ने क्रममा उनले बोकी आएको ह्याण्ड ब्यागभित्र उक्त नगद फेला पारी प्रहरीले पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कानूनी कारवाहीका लागि प्रहरी वृत्त गौशालामा पठाएको छ।

## चोरीमा संलग्न रहेको अभियोगमा ४ जना पक्राउ

*कास्की, १० असोज*

मादी गाँउपालिका-७ काउरेडाँडास्थित सडक छेउमा रहेको थाक खोलाको खानेपानी संस्थानको पाइपहरु चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सोही गाउँपालिका-७ थाक बस्ने ३५ वर्षीय रमेश गुरुङ, २६ वर्षीय निरज तामाङ, सोही गाउँपालिका घर भई हाल पोखरा महानगरपालिका-१० बस्ने ३४ वर्षीय खरजंग गुरुङ र लमजुङ मध्यनेपाल नगरपालिका-८ स्थायी घर भई हाल कास्की पोखरा महानगरपालिका-१३ कसेरी बस्ने २३ वर्षीय रिदम भन्ने सुनिल परियार रहेका छन्। खानेपानी संस्थानको पाइपहरू चोरी भएको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले ग.१ त ५१३७ नम्बरको ट्याक्टरमा उक्त पाइपहरू लोड गरी मादी गाउँपालिका-५ तर्फ ल्याउँदै गरेको अवस्थामा फेला पारी उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर कास्की जिल्ला अदालतबाट चोरी तथा डाँका मुद्दामा दिन ६ म्याद थप गरी यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

## नगद तथा गरगहना लुटपाट

*काठमाडौं, ११ असोज*

तारकेश्वर नगरपालिका-२ काभ्रेस्थली पदमसालमा सोही ठाउँस्थित गोसाईकुण्ड सुनचाँदी पसलबाट करिब २ तोला बराबरको सुनका विभिन्न गरगहना र नगद ४५ हजार रूपैयाँ लुटपाट भएको छ।

सुनचाँदी पसल बन्द गरी संचालक घर फर्किने क्रममा अपरिचित व्यक्तिले पसल संचालकलाई कुटपिट गरी घाईते बनाई उनको साथबाट उक्त धनमाल लुटपाट गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनलाई उपचारको लागि राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंमा पठाएको हो। साथै प्रहरीले घटनास्थलबाट ३ वटा पोकामा रहेका चाँदीका विभिन्न गरगहना समेत बरामद गरेको छ। प्रहरीले लुटपाटमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*भक्तपुर, १ असोज*

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दोलखा बैत्यश्वर गाउँपालिका घर भई भक्तपुर नगरपालिका-१ दुधपाटी बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ।

उनले ती बालिकालाई भक्तपुर नगरपालिका-१ दुधपाटीस्थित आफू काम गर्ने क्याफेमा जबरजस्ती करणी गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*तेहथुम, ३ असोज*

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लालिगुराँस नगरपालिका-१ केबुक बस्ने २७ वर्षीय राजन लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई राजनले सोही गाउँपालिका-२ बसन्तपुरस्थित होटलमा लगि भदौ ३१ गते जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बसन्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बालयौन दुरूपयोग गरेको अभियोगमा पक्राउ

*मोरङ, १२ असोज*

७ वर्षीया बालिकालाई बालयौन दुरूपयोग गरेको अभियोगमा लेटाङ नगरपालिका-२ बुधबारे बस्ने २१ वर्षीय बिशाल रम्तेललाई प्रहरीले पक्राउ गरेको छ। मादक पदार्थ सेवन गरेका बिशालले सोही ठाउँ स्थित मदिरा पसलमा ती बालिकालाई बालयौन दुरुपयोग गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बुधबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रहरीले यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*भक्तपुर, २५ असोज*

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा काठमाडौं बौद्ध बस्ने नुवाकोट बेलकोटगढी नगरपालिका-१३ घर भएका ३५ वर्षीय राम बहादुर सुनारलाई प्रहरीले पक्राउ गरेको छ।

भक्तपुर सूर्यबिनायक नगरपालिका-२ बालकोटस्थित बालिकाकै कोठमा सुनारले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुना साथ प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

**लैंगिक हिंसा सम्बन्धी गुनासोका लागि**

DIAL 100

बालबालिका सम्बन्धी 104

सामाजिक सञ्जाल
/NepalPolicePHQ

तपाईंको सुरक्षा र गोपनियता हाम्रो जिम्मेवारी हो।

@
nepolwcsd@gmail.com
operation@nepalpolice.gov.np

Nepal Police Mobile App

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, २ असोज*

मकवानपुर, मनहरी गाउँपालिका-९ भलाद्ची चोकबाट करिब १५ किलो अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महोत्तरी एकटाँगा गाउँपालिका-४ बस्ने २१ वर्षीय नितेष कुमार यादव र सोही ठाउँ बस्ने २२ वर्षीय कमल साह रहेका छन्। इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले उनीहरूलाई जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

बाँके, कोहलपुर नगरपालिका-१२ चप्परगौडी बस्ने ३८ वर्षीया यसोदा कार्की, उनकै श्रीमान ४१ वर्षीय रुद्ध बहादुर कार्की र सोही नगरपालिका-१२ बस्ने २० वर्षीय मनोज गिरीलाई २६ ग्राम ४ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले मनोजलाई करिब १ सय १० मिलिग्राम उक्त लागूऔध सहित पक्राउ गरी थप अनुसन्धान गर्ने क्रममा उनले उक्त लागूऔषध यसोदाबाट खरिद गरी ल्याएको खुल्न आएपछि यसोदाको घर तलासी गर्दा दराजभित्र लुकाई राखेको अवस्थामा थप २६ ग्राम २ सय ९० मिलिग्राम उक्त लागूऔषध, डिजिटल तराजु १ थान, नगद ५ लाख ७३ हजार ८ सय १० रूपैयाँ फेला पारी बिक्री गर्ने कार्यमा संलग्न रुद्ध बहादुर समेतलाई पक्राउ गरेको हो।

कपिलवस्तु, कृष्णनगर नगरपालिका-३ लक्ष्मीनगरस्थित जामिना रहमानी कम्प्लेक्समा बस्ने ३१ वर्षीय जमालदिन मियाँ र दाङ घोराही उपमहानगरपालिका-९ पर्सेनी घर भएकी १८ वर्षीया किशोरीलाई २ किलो ७ सय ग्राम अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ सहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले जमालदिनको घर तलासी गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित छुट्टाछुट्टै स्थानबाट छ जना पक्राउ

*काठमाडौं, ३ असोज*

दाङ, लमही नगरपालिका-९ अमिलिया चोकबाट ६ केजी ३ सय ६० ग्राम अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ सहित घोराही उपमहानगरपालिका-१३ डुमरगाउँ बस्ने ४० वर्षीया सुशिला गिरीसमेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। घोराहीबाट भारतको दिल्लीतर्फ जाँदै गरेको ना.७ख ९०५ नम्बरको बसलाई ईलाका प्रहरी कार्यालय अमिलियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी दाङकै गढवा गाउँपालिका-१ कालाकाटेबाट करिब १ सय ४४ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित कपिलवस्तु ओदारी गाउँपालिका-९ बस्ने १८ वर्षीय किशोर लगायत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। झापा, मेचीनगर नगरपालिका-१३ तेलिबारी फुलबासा चोकबाट १२ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ, १ थान डिजिटल तराजु र नगद ३ लाख ५३ हजार ५ सय रुपैयाँ सहित सोही ठाउँ बस्ने ४३ वर्षीया भारती राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ। लागू औषध नियन्त्रण ब्यूरो काकरभिट्टा र प्रहरी चौकी चारआलीबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

धादिङ, गल्छी गाउँपालिका-४ मासटारस्थित प्रतिक्षालयबाट करिब ३५ केजी अवैध लागूऔषध गाँजासहित गजुरी गाउँपालिका-८ किरानचोक बस्ने ४८ वर्षीय गणेश लामालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी बैरेनीबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*सिरहा, ७ असोज*

सिराहा नगरपालिका-१६ काली चोकबाट अवैध लागू औषध नाइट्राभेट १५ पिस, स्पास्मो ८ पिस र कोरेक्स जस्तो देखिने तरल पदार्थको ६ सय एमएलको १ थान डिब्बा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा उदयपुर त्रिवेणी गाउँपालिका-८ बस्ने सुरेश कुमार धमला र कटारी नगरपालिका-२ बस्ने ३६ वर्षीय ईश्वर खत्री रहेका छन्।

ईलाका प्रहरी कार्यालय माडरबाट खटिएको प्रहरीले स.९ प ५१० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी मोटरसाइकल चालक सुरेश कुमार र मोटरसाइकलमा सवार ईश्वरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, ८ असोज*

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङबाट करिब २० किलो अवैध लागूऔषध गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१९ बस्ने ६० वर्षीय प्रेम बहादुर थिङ, सोही उपमहानगरपालिका-३ बसामाडी बस्ने ४० वर्षीया कबिता थिङ र ३६ वर्षीय सिरसानी मोक्तान रहेका छन्। बसामाडीबाट हेटौंडातर्फ जाँदै गरेको ना.२ ह २३६३ नम्बरको अटोलाई प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी अटोका चालक प्रेम सहित उनीहरुलाई पक्राउ गरेको हो।

सिन्धुली, कमलामाई नगरपालिका-९ भिमानस्थित सडकबाट ५ सय ९८ ट्याब्लेट नियन्त्रित लागूऔषध नाईट्राभेट र करिब १ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका-७ बस्ने २५ वर्षीय बिमल बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय भिमान र जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*धादिङ, १० असोज*

बेनिघाट रोराङ गाउँपालिका-९ ज्यामिरेघाटबाट करिब १३ केजी अवैध लागूऔषध गाँजा सहित रुबिभ्याली गाउँपालिका-७ बस्ने २९ वर्षीय धन बहादुर गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी जोगिमाराबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, १४ असोज*

बारा, जितपुर सिमरा उपमहानगरपालिका-२१ आधाभार जंगलबाट करिब १५ किलो अबैध लागूऔषध गाँजा सहित चितवन राप्ती नगरपालिका-३ बस्ने २२ वर्षीय बिराट खरेललाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरीले हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको बा.प्र.०६-०१ प ५९७४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी मोटरसाइकल चालक खरेललाई पक्राउ गरेको हो । हाल फरार मोटरसाइकलमा सवार १ जनाको प्रहरीले खोजी गरिरहेको छ ।

नवलपरासी(पश्चिम), बर्दघाट नगरपालिका-३ लगुनाबाट नियन्त्रित लागूऔषध डाइजेपाम ४० एम्पुल, फेनारगन ४० एम्पुल, नुर्फिन ४० एम्पुल र सिरिन्ज ४ थान सहित नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका-६ कालिकाचोक बस्ने २६ वर्षीय मोहम्मद अली मियालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय बर्दघाट नवलपरासी (पश्चिम) बाट खटिएको प्रहरीले लु.१ ह ३१५ नम्बरको अटोलाई जाँच गर्ने क्रममा अटोमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## हिमपहिरोमा पुरिएकाको उद्धार एवं खोजी

*गोरखा, ११ असोज*

चुमनुब्री गाउँपालिका-१ सामागाउँस्थित मनास्लु बेस क्याम्पमा हिम पहिरो जाँदा पुरिएका ९ जनालाई कैलाश एयर, सिम्रिक एयर र एभरेष्ट एयरको हेलिकप्टरद्वारा उद्धार गरिएको छ ।

पुरिएका मध्ये दोलखा गौरीशंकर गाउँपालिका-५ बस्ने ४४ वर्षीय जित बहादुर शेर्पा र संखुवासभा मकालु गाउँपालिका-१ बस्ने २७ वर्षीय सुकु बहादुर तामाङलाई उद्धार गरी उपचारको लागि करुणा अस्पताल कपन काठमाडौंमा ल्याइएको हो । साथै सोलुखुम्बु घर भएका ३५ वर्षीय किनु पेम्वा सहित थप ७ जनालाई उद्धार गरी सामागाउँ ल्याइएकोमा ४ जनालाई उपचारको लागि करूणा अस्पताल कपन पठाइएको छ । पहिरोमा पुरिएका अन्य व्यक्तिहरूको खोजी भईरहेको छ । प्रहरी चौकी सामागाउँबाट खटिएको प्रहरीले उद्धार कार्य एवं आवश्यक पहल गरिरहेको छ ।

## पाँच थान नक्कली नोट सहित पक्राउ

*सिरहा, १४ असोज*

कल्याणपुर नगरपालिका-११ स्थित बजारबाट १ हजार दरको ५ थान नक्कली नोट सहित सोही नगरपालिका-१० बस्ने ३९ वर्षीय जिवछ कामतीलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले उनलाई उक्त नक्कली नोट सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भन्सार छली ल्याउँदै गरेको सुन जस्तो देखिने पहेलो धातु सहित पक्राउ

*काठमाडौं, २४ असोज*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट भन्सार छली ल्याउँदै गरेको सुन जस्तो देखिने पहेलो धातुको करिब ६० ग्राम तौलको औठी ३ थान र आईफोन मोबाईल २ थान सहित रामेछाप सुनापती गाउँपालिका-२ स्थायी वतन भएका ३६ वर्षीय किरण कुमार तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

हिमालय एयरलाइन्सद्वारा दुबईबाट काठमाडौं आएका उनलाई विमानस्थलमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा अवैध रुपमा लुकाई छिपाई भन्सार छली गरी लैजान लागेको उक्त धातु र मोबाईल फेला पारी पक्राउ गरेको हो । उक्त धातु र मोबाईल सहित उनलाई आवश्यक कारबाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा पठाइएको छ ।

## प्रहरीको हाकिम हुँ भन्दै व्यापारीसँग रकम माग्ने व्यक्ति पक्राउ

*मोरङ, २६ असोज*

प्रहरीको हाकिम हुँ भन्दै व्यापारीसँग रकम माग गरेको अभियोगमा विराटनगर महानगरपालिका-२ बस्ने २९ वर्षीय रविन घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ ।

सोही महानगरपालिका-१५ स्थित १ नम्बर ढाटमा घिमिरेले व्यापारीहरुलाई प्रहरीको हाकिम हुँ भन्दै रकम माग गरेको हुँदा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जिल्ला प्रशासन कार्यालय मोरङबाट ५ दिन म्याद थप अनुमती प्राप्त गरी थप अनुसन्धान भइरहेको छ ।

## अवैध पटाका बरामद

*काठमाडौं, २७ असोज*

मोरङ, धनपालथान गाउँपालिका-२ गोसाई पोखरीबाट करिब ३० हजार रुपैयाँ मूल्य बराबरको नागिन पटाका १८ प्याकेट, किङ्ग कोब्रा पटाका १२ प्याकेट, ग्रिन चक्र १० पिस, सिल्भर राईन्स १० पिस, खैबर ५ पिस, बुलेट रकेट १० पिस, पन्ध्र स्टार १ प्याकेट, बाह्र स्टार १ प्याकेट, झिरझिरे १ कार्टुन, ईलेक्टी स्टाम ४ पिस, गोल्ड क्लास ८ पिस प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी अमाहीबाट खटिएको प्रहरीलाई भारतबाट नेपालतर्फ आउँदै गरेका अपरिचित व्यक्तिले देख्नासाथ पटाका छोडी फरार भएपश्चात २ वटा बोरामा रहेका उक्त पटाका प्रहरीले बरामद गरेको हो ।

यसैगरी मोरङ, सुनवर्षी नगरपालिका-९ डाईनियाबाट १ लाख रुपैयाँ मूल्य बराबरको चक्लेट बम ८ बण्डल, चक्र बम ठूलो ८ बण्डल, फुलझरी ५ बण्डल, फुलझरी सानो १२ प्याकेट, झिरझिरे १५ बण्डल, चक्र बम सानो ३ बण्डल र सर्प बम ४ प्याकेट प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीलाई देख्नासाथ उक्त पटाका सोही ठाउँमा छोडी फरार भएपश्चात प्रहरीले बरामद गरेको हो ।

यसैगरी मोरङ, धनपालथान गाउँपालिका-४ भलुवाबाट करिब ६० हजार रुपैयाँ मूल्य बराबरको झिरझिरे पटाका २८ प्याकेट, रकेट पटाका ८ प्याकेट, अटोमेटिक रकेट पटाका २ प्याकेट, मिनि बुलेट पटाका २० प्याकेट र सुपर फ्लावर ५ प्याकेट प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी कर्सियाबाट खटिएको प्रहरीलाई देख्नासाथ मोटरसाइकलमा ल्याउँदै गरेको उक्त पटाका सोही ठाउँमा छोडी अपरिचित व्यक्ति फरार भएपश्चात प्रहरीले बरामद गरेको हो ।

सुनसरी, ईनरुवा नगरपालिका-२ स्थितबाट करिब ७ लाख रुपैयाँ मूल्य बराबरको विभिन्न किसिमका पटाकाहरु प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले उक्त पटाका बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०५।०१ गते अ. ११:१५ बजेको समयमा जिल्ला बागलुङ निसिखोला गा.पा.०४ कालीमाटी स्थित निसिखोलाको किनारमा जिल्ला बागलुङ निसीखोला गा.पा.५ कामीडाडा बस्ने गुन बहादुर कामीको छोरा बर्ष अं.२५ को फर्से भन्ने तुल बहादुर बि.क. लाई ऐ.ऐ. बस्ने निजकै श्रीमती कुमारी कामीले मिति २०७९।०४।२५ गते राती काठको दाउरोले टाउकोमा हानी ढलेपछि फलामको घनले हानी मरी सकेपछि आधा घाँटी रेटी डोकोमा राखी बोकी ऐ. स्थितमा रहेको मधुवाङ झोलुङ्गे पुलको खोलामा लगी टाउको घाँटीबाट छिनाई मृतकको शव र डोको समेत सोही खोलामा बगाई कर्तव्य गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित बागलुङ जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको आदेशले प्रतिवादी कुमारी कामीलाई पुर्पक्षको लागि कारागार थुनामा पठाएको र अर्को प्रतिवादीलाई निजको अविभावकको जिम्मा दिई छाडिएको ।

## मुद्दा शीर्षक – अपहरण, शरीर बन्धक बनाई जबरजस्ती करणी

मिति २०७९।०४।२९ गते बिहान अं ११.०० बजेको समयमा जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं ७ बर्गदवा स्थित म जाहेरवाला नाम परिवर्तित ५१ च कपिलवस्तुको नाबालिका छोरी पिडित नाम परिवर्तित ५१ छ कपिलवस्तुलाई ऐ ऐ बस्ने बर्ष २८ को शत्रुहन पासीले ललाई फकाई प्रलोभनमा पारी अपरहण गरी शरिर बन्धक बनाई जवरजस्ती करणी गरेको भनि पिडित छोरीले बताएकी हुँदा निज शत्रुहन धोवीलाई पक्राउ गरी कानून बमोजिम गरी पाँउ भन्ने समेत व्यहोराको जाहेरवाला नाम परिवर्तित ५१ च कपिलवस्तुको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कपिलबस्तु जिल्ला अदालतमा मिसिल पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०७९।०५।२६ गतेको आदेशले पक्राउ प्रतिवादी शत्रुहन धोवी पुर्पक्षको लागि थुनामा गएको ।

## मुद्दा शीर्षक - धर्म परिवर्तिन गराउन नहुने

मिति २०७९।०५।०६ गते अं.१५:३० वजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.४ जावलाखेल स्थित रहेको स्टिल टावर अगाडीवाट वर्ष १२ की ईभाना श्रेष्ठ समेतलाई मन्दिरा शाक्य समेतले ललाई फकाई करिव ५/१० मिनेटको लागि समय दिनुहोस्, तपाईहरूको लागि काम लाग्ने कुरा सिकाउँछौं भनी ऐ. स्टिल टावर स्थित पाँचौ तलामा रहेको चर्च अफ गड नामक चर्चमा लगी अं.१६:५० बजेसम्म क्रिष्चियन धर्म सम्वन्धी प्रचार प्रसार गरी बाईबलको बारेमा प्रवचन दिई उक्त धर्मको बारेमा प्रचार प्रसार गरी धर्म परिवर्तन गर्न उत्प्रेरित गरेको भन्ने जाहेरी प्राप्त भएकोमा प्रतिवादी मन्दिरा भन्ने मनदेवी शाक्यलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा मिति २०७९।०५।१९ गतेको आदेशानुसार रु.१ लाख धरौटी तिरी छुटेको ।

**"ट्राफिक नियमको पालना गरौं"**

**-नेपाल प्रहरी**

## मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी

मिति २०७८।१२।०७ गते राती अन्दाजी २१:०० बजेको समयमा मेरी बहिनी वर्ष १४ की परिवर्तित नाम पशुपति झ-१ घरबाट हराएकीमा खोजतलासको क्रममा ईलाका प्रहरी कार्यालय, काँकटभिट्टाबाट फोन गरी बहिनीलाई भारतबाट उद्धार गरी ल्याएको भन्ने खबर पाई म गई बहिनीसँग बुझ्दा मलाई मिति २०७८।११।१५ गते २०;०० बजेको समयमा दिनेश विश्वकर्माले घर देखी माथी बाटोमा जबरजस्ती करणी गरेको र मिति २०७८।१२।०७ गते राती २१;०० बजेको समयमा दिनेश विश्वकर्माले हामी विवाह गरी भारत तर्फ जाने भनि मलाई लिई हिडेकोमा निजको घर पुगेपछि दिनेशको मामा सन्तोष विश्वकर्मा र आकृति श्रेष्ठ समेतको संलग्नतामा झापाको चारआली सम्म पुऱ्याई दिनेश विश्वकर्मा र सन्तोष विश्वकर्मा त्यहीबाट बेपत्ता भई मलाई बेचबिखनका लागि आकृति श्रेष्ठले मलाई काँकटभिट्टा हुँदै भारतको सिलगुडी पुऱ्याई के कहाँ लान ट्रेन चढाउन लाग्दा आफन्त नेपाल र सानाहातहरु नामक संस्थाले फेला पारी नेपालको ईलाका प्रहरी कार्यालय, काँकटभिट्टा सम्म ल्याएको भनी बहिनीले बताएकीले घटनामा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिपाँउ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित अदालतमा मिसिल पेश हुँदा मिति २०७९।०५।२२ गतेको आदेशले प्रतिवादी आकृती श्रेष्ठको हकमा २,०००००।– (दुई लाख) धरौटी माग हुँदा उक्त धरौटी राख्न नसकी थुनामा गएको, ऐ.मितिको आदेशले प्रतिवादी दिनेश विश्वकर्मा भन्ने दिनेश ल्वगुन लाई थुनुवा पुर्जी दिई कारागार कार्यालय, ईलाम पठाएको, ऐ.ऐ. मितिको आदेशले प्रतिवादी सन्तोष विश्वकर्मा भन्ने सन्त बहादुर विश्वकर्मा साधारण तारेखमा छुटेको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०५।०५ गते ०८:४५ बजेको समयमा जिल्ला नुवाकोट तादी गा.पा. वडा नं. ५ डुम्रे बस्ने बर्ष ५५ की दुर्गा न्यौपानेलाई ऐ.ऐ. बस्ने बर्ष अं.४६ को शम्भु तामाङ घरमा आई बिना कारण नगद रु. ५०० (पाँच सय) माग्दा नदिएको निउँमा घरमा रहेको हँसिया लिई लखेटी घर देखि अं.४०० मिटर पश्चिममा हँसियाले प्रहार गरी भागी फरार रहेको र निज दुर्गा तामाङको उपचारको क्रममा मृत्यु भएको भन्ने व्यहोराको सुचना प्रहरी कार्यालयमा प्राप्त भएकोमा अनुसन्धान सम्पन्न भएपश्चात सम्मानित नुवाकोट जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०५।२९ गतेको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०४।०५ गते अ. १६:४५ बजेको समयमा जिल्ला महोत्तरी पिपरा गा.पा.वडा नं. ०५ सहोडवा गाउँ जाने पक्की सडक देखि पुर्वमा रहेको बाबु साहेब झाको आपको बगैचामा प्रतिवादी रामनाथ दास कोदालि लिई खेत तिर गएको र ऐ.बस्ने वर्ष ६० को राम बहादुर दास बगैंचामा सुतिरहेको अवस्थामा प्रतिवादी रामनाथ दासले कोदालोको धारिलो भागले ३/४ पटक प्रहार गरी कर्तब्य गरी कोदालो नजिकै रहेको कुलोमा फालेको घटनामा अनुसन्धान प्रकृया पूरा गरी सम्मानित महोत्तरी जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।३१ गतेको आदेशले निज प्रतिवादी रामनाथ दासलाई पुर्पक्षका लागि कारागार पठाईएको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं